# स्थानीय राजपत्र

## सिद्धार्थनगर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८) सिद्धार्थनगर रुपन्देही, नेपाल, भाद्र १९, २०८१ साल

## भाग २

**सिद्धार्थनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**सिद्धार्थनगर, रुपन्देही, नेपालको**

**सूचना**

नेपालको संविधान तथा स्थानीय सरकार ऐन, २०७४ बमोजिम सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**सम्बत २०८१ सालको निर्देशिका नं. १**

## सिद्धार्थनगर नगरपालिकाको बाह्य विज्ञापन नियमन गर्न बनेको निर्देशिका, २०८१

**प्रस्तावनाः** सिद्धार्थनगर नगरपालिकाको कार्यक्षेत्र भित्र बाह्य विज्ञापन (होर्डिङ बोर्ड) मार्फत कुनै वस्तु वा सेवाको प्रचारप्रसार गर्न अनुमति दिने, नियमन गर्ने, दस्तुर तोक्ने तथा विज्ञापन र तत्सम्बन्धी व्यवसायलाई व्यवस्थापन गर्ने सम्बन्धमा समयसापेक्ष कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ४ को उपदफा ६ र दफा २४ को कानूनी व्यवस्थालाई प्रचलन गराउन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले तोकेको काम, कर्तव्य र अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्न-गराउन सिद्धार्थनगर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो निर्देशिकाको नाम **बाह्य विज्ञापन नियमन गर्ने निर्देशिका, २०८१** रहेको छ ।
ख. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

१. **आर्थिक ऐन** भन्नाले प्रत्येक आर्थिक वर्षको लागि नगर सभाबाट सालबसाली रुपमा जारी हुने आर्थिक ऐन सम्झनुपर्नेछ ।
२. **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्नेछ ।
३. **कार्यपालिका** भन्नाले सिद्धार्थनगर नगरपालिकाको कार्यपालिका सम्झनुपर्नेछ ।
४. **प्रमुख** भन्नाले सिद्धार्थनगर नगरपालिकाको प्रमुख सम्झनुपर्नेछ ।
५. **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको सिद्धार्थनगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ ।
६. **विज्ञापन ऐन** भन्नाले संघीय सरकारबाट विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ सम्झनुपर्नेछ
७. **विज्ञापन** भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको वारेमा बाह्य माध्यमबाट सार्वजनिक रुपमा प्रचारप्रसार गर्ने उद्देश्यले तयार पारिएको शव्द, वाक्य, चित्र, तश्विर, सङ्केत, प्रकाश, चिन्ह वा जुनसुकै किसिमको श्रव्य, दृष्य वा श्रव्यदृष्य सामाग्री सम्झनुपर्नेछ ।

८. **विज्ञापन कर** भन्नाले विज्ञापन ऐन र आर्थिक ऐनले तोकेबमोजिमको आफ्नो क्षेत्र भित्र बाह्य विज्ञापन गरेवापत नगरपिकाले लिने कर सम्झनुपर्नेछ र सो शव्दले विज्ञापन कर र सो करमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

९. **विज्ञापन बोर्ड** भन्नाले विज्ञापन र प्रदर्शनका लागि राखिएको वा राखिने साधन सम्झनुपर्नेछ र सो शव्दले डिजिटल डिस्प्ले, चलदृष्य बोर्ड, एलसिडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन बोर्ड, नियोन साईन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका बाह्य विज्ञापनको साधन समेतलाई जनाउँछ ।

१०. **विज्ञापनदाता** भन्नाले विज्ञापन प्रकाशन, प्रशारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गर्ने व्यक्ति वा संस्था सम्झनुपर्नेछ ।

११. **व्यक्ति** भन्नाले प्राकृतिक व्यक्ति वा कानून बमोजिम दर्ता भएको सबै प्रकारको फर्म, कम्पनी, संघसंस्था, निकाय, वा कार्यालय समेतलाई जनाउनेछ ।

१२. **समिति** भन्नाले दफा १० बमोजिमको नियमन समितिलाई जनाउनेछ ।

## परिच्छेद २

## विज्ञापन सम्बन्धी व्यवस्था

### ३. बाह्य विज्ञापन गर्न सक्ने-

१. नगरपालिकाले नियमन क्षेत्रभित्र घरजग्गा, जग्गा वा बाह्य विज्ञापन योग्य अन्य संरचनाको स्वामित्व वा लिजमा लिएका भोगाधिकार प्राप्त व्यक्तिले त्यस्तो घरजग्गा, जग्गा वा अन्य भौतिक संरचनामा कुनै वस्तु तथा सेवाको प्रचारप्रसार गर्न इच्छुक भएमा निवेदन पेश गर्न नगरपालिकाले ३५ दिनको सूचना मार्फत दरखास्त आह्वान गर्नेछ ।

२. उपदफा १ बमोजिम निवेदन पेश गर्न चाहने व्यक्तिले विज्ञापन गर्ने जग्गा, भवन वा संरचनाको भोग तथा स्वामित्वको कागज प्रमाण सहित नगरपालिकामा अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

३. उपदफा २ बमोजिम प्राप्त हुन आएको निवेदनउपर दफा १० बमोजिम गठिन हुने नियमन समितिले स्थलगत निरीक्षण तथा आवश्यक पर्ने क्षेत्रमा प्राविधिक परिक्षण गरी बाह्य विज्ञापन गर्ने स्थान, विज्ञापनको विवरण तथा सम्वद्ध कागजात, बोर्डको आकारप्रकार, लम्बाइ, चौडाई, उचाई, रङ्ग, प्रकाशको संयोजन (निट्स) र विज्ञापनको प्रकृति समेत यकिन गरी विज्ञापन बोर्ड राख्न उपयुक्त हुने वा नहुने रायसुझाव सहितको प्रतिवेदन समेत संलग्न गरी अनुसूचि २ बमोजिमको विवरण सहित विज्ञापन गर्ने स्थानको एकीकृत सूचि तयार गर्नेछ ।

४. सवारीसाधनको गति कम हुने, मानिसहरुको भिडभाड बढी हुने चोक, टोल, पार्क वा खुला क्षेत्रमा बाह्य विज्ञापन गर्न प्राथमिकता दिइनेछ ।

५. बाह्य विज्ञापन गर्ने स्थान वा भवन संरचना सबल र सुरक्षित छ छैन भन्ने विषयमा ईन्जिनियर (स्ट्रक्चरल ईन्जिनियर) समेतलाई दफा १० बमोजिम गठन हुने प्राविधिक टोलिमा समावेश गरी स्थलगत अध्ययन विश्लेषण गरी राय सुझाव सहितको प्रतिवेदनमा प्राविधिक पक्षबाट स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

६. बाह्य विज्ञापन गर्न अनुमति दिँदा सकेसम्म विज्ञापन बोर्ड राख्ने भवन संरचनाको रङ्गसंग मिलेने गरी बोर्डको रङ्गलाई मिलाउनुपर्नेछ । बाह्य विज्ञापन बोर्डको कारण दृष्य र ध्वनि प्रदुषण नगराउनेतर्फ समिति संवेदनशील हुनुपर्नेछ ।

७. उपदफा ३ बमोजिमको समितिले तयार पारेको सूचि स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

८. उपदफा ७ बमोजिम बाह्य विज्ञापन गर्न स्वीकृत भएका स्थानहरुमा आर्थिक ऐनले तोकेबमोजिमको विज्ञापन कर र अनुसूचि ३ बमोजिमको विवरण समेत संलग्न गरी विज्ञापनदाताहरु बीच प्रतिश्पर्धाको प्रस्ताव आह्वान गरिनेछ ।

९. यस दफा बमोजिम बाह्य विज्ञापन गर्न प्रतिश्पर्धाबाट अनुमति प्राप्त गर्ने विज्ञापनदाताहरु संग निश्चित शर्त, बन्देज तथा दायित्व तोकि अनुसूचि ४ बमोजिमको ढाँचामा बाह्य विज्ञापन सम्झौता गरिनेछ । यस्तो सम्झौताको आन्तरिक आय ठेक्का व्यवस्थापन कार्यविधिमा तोके बमोजिम हुनेछ ।

१०. यस दफा बमोजिम नगरपालिका र विज्ञापनदाताबीच सम्झौता हुनुपूर्व विज्ञापन गर्न निवेदन दिने घरजग्गा/जग्गा/अन्य संरचनाधनिसंग विज्ञापनदाताले गरेको बहाल सम्झौताको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

११. यस निर्देशिका बमोजिम खुला प्रतिश्पर्धाको माध्यमबाट विज्ञापनदाताहरु छनौट गरी विज्ञापन कर असुल गर्ने सम्बन्धी अन्य व्यवस्था नगरपालिकाको आय ठेक्का सम्बन्धी कानून बमोजिम हुनेछ ।

४. **<u>विज्ञापन गर्न निषेध</u>-**

नगरपालिकाले कार्यक्षेत्र भित्र देहायको अवस्थामा बाह्य विज्ञापन गर्न निषेध गर्नेछः

क. विज्ञापन नियमन सम्बन्धी संघीय तथा प्रदेश कानुन प्रतिकुल हुने विज्ञापन भएमा
ख. सर्वसाधारणलाई आवतजावत गर्न बाँधा वा असुविधा हुने भएमा
ग. सर्वसाधारणको सुरक्षा तथा शहरी शौन्दर्यमा प्रतिकुल असर पर्ने भएमा
घ. धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा मौलिक संरचना तथा संस्कृतिमा प्रतिकुल असर पर्ने भएमा
ङ. नगरपालिकाले नगरसभाबाट स्विकृति नीतिबाट कुनै स्थान विशेषमा विज्ञापन गर्न रोक लगाएमा

च. सडकपेटी तथा सार्वजनिक प्रयोगका संरचनामा प्रतिकुल असर पर्ने भएमा

छ. सवारी आवागनमा असर पर्ने भएमा

ज. नक्सापास नभएको, प्राविधिक रुपमा भवन सबल नरहेको, भवनको बाहिरी भाग रङ्गरोगन नगरेको वा भवन दुरुस्त नदेखिएको स्थानमा

झ. कुनै घरको झ्याल ढोका, बार्दली, भेन्टिलेशन छेकी त्यस्तो घरमा हावा र प्रकाश आउन बाधा पुग्ने भएमा

ञ. बाटो/सडक पेटी संग जोडिएर बनेका भवन संरचनाहरुमा बाहेक खुला स्थानमा बाटो/सडक पेटीको सिमानादेखि १० फिटसम्म विज्ञापन बोर्ड वा परिचयपाटी राखिने भएमा

ट. विज्ञापन बोर्ड राख्ने स्थान १२ फिट भन्दा कम उचाइमा रहेमा

ठ. मल, सुपरमार्केट र बहुतले व्यवसायिक भवन बाहेकका पुरातात्विक एवम् सांस्कृतिक महत्वका क्षेत्र, मुख्य प्रशासकीय क्षेत्र जस्ता स्थान र सोको १०० मिटर भित्रको स्थानमा

**५. विज्ञापन गर्न नहुने विषयहरु-**

१. नगरपालिका क्षेत्र भित्र देहायका विषयमा विज्ञापन गर्न दिईनेछैनः

क. प्रचलित नेपाल कानूनले उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न निशेध गरेको वस्तु, पदार्थ वा सेवाको विज्ञापन

ख. प्रचलित कानुन बमोजिम अश्लिल मानिने विषय वा सामाजिक विकृति फैलाउने वा अन्धविश्वासलाई प्रोत्साहन गर्ने प्रकृतिका विज्ञापन

ग. हतियार वा विस्फोटक पदार्थ वा शान्ति सुरक्षा वा शहरी शुव्यवस्थापनमा खलल पुग्ने खालको विषयवस्तुको विज्ञापन

घ. नगरपालिकाको स्थानिय कानून विपरितका सेवा, संरचना वा विषयवस्तु सम्बन्धी विज्ञापन

ङ. चिकित्सकको सिफारिस बमोजिम मात्र विक्री वितरण गर्नुपर्ने औषधीहरुको विज्ञापन

च. जुवा खेल्न वा खेलाउन प्रोत्साहन गर्ने खालका विज्ञापन

छ. प्रचलित कानूनबमोजिम कुनै पनि वस्तु वा सेवाको प्रयोग वा सञ्चालन गर्नुपूर्व अनुमति लिनुपर्ने भएमा अनुमति प्राप्त हुनुपूर्व नै गरिने विज्ञापन

ज. सवारी दुर्घटनाको सम्भावना वृद्धि गर्ने विषयवस्तुको विज्ञापन

झ. दृष्य प्रदुषण गराउने प्रकृतिका विषयवस्तुको विज्ञापन

ञ. नगरपालिकाले निर्णय गरी विज्ञापन गर्न निशेध गरेका विषयवस्तुको विज्ञापन

ट. स्वच्छ प्रतिश्पर्धामा संकुचन गर्ने वा सर्वसाधारणमा भ्रम सिर्जना गर्ने विषयवस्तुको विज्ञापन

२. उपदफा १ मा उलेलेखित विषयवाहेक विज्ञापित सामाग्रीमा भाषिक शुद्धता, शालिनता, सामाजिक मुल्यमान्यता र सुरक्षामा सहयोग पुग्ने किसिमको विषयवस्तुलाई प्राथमिकता दिईनेछ ।

## ६. बाह्य विज्ञापनका लागि ग्राह्य नहुने विषयहरु-

देहाय बमोजिमका विषयवस्तु बाह्य विज्ञापनका लागि ग्राह्य हुनेछैनन् —

क. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधिनता, संघीय इकाई बीचको सुसम्बन्ध, सावर्जनिक शान्ति, सुव्यवस्था वा अन्तर्राष्ट्रय सम्बन्धमा खलल पुर्याउने गरी,

ख. राज्यद्रोह, अदालतको अवहेलना र अपराध गर्न दुरुत्साहन गर्ने गरी,

ग. नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशाना छाँप वा त्यसको कुनै वा सबै भाग वा राष्ट्रिय विभूतिको प्रयोग गरी वा त्यसको अवमुल्यन हुने गरी,

घ. गाली बेइज्जती हुने गरी,

ङ. सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकुल हुने गरी,

च. श्रमप्रति अवहेलना गर्ने, लैङ्गिक विभेद एवम् जातीय छुवाछुतलाई दुरुत्साहन हुने गरी,

छ. धर्म, लिङ्ग, वर्ग, जातजाति, समुदायबीचको सु-सम्बन्धमा खलल पार्ने वा आर्थिक अवस्था, भाषा, क्षेत्र, बैचारिक आस्था वा अपाङ्गता लगायतका कुनै पनि आधारमा विभेद हुने गरी,

ज. ट्रेडमार्क, पेटेन्ट डिजाईन लगायतका औद्योगि सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृतिविना प्रयोग गरी,

झ. स्वदेशी वा अन्य कुनै उत्पादनलाई हतोत्साही वा निरुत्साहित गर्ने गरी,

ञ. भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने वा अन्य यस्तै अमर्यादित व्यवहार गर्ने गरी,

ट. स्वच्छ प्रतिशपर्धामा प्रतिकुल असर पार्ने गरी,

ठ. अरुको उत्पादन वस्तु वा सेवासंग तुलना गरी त्यस्तो उत्पादित वस्तु वा सेवालाई कमसल वा नराम्रो देखाउने गरी,

ड. कानूनबमोजिम गोप्य रहेका विषयमा जानकारी गराउने गरी,

ढ. मदिरा, चुरोट, सुर्ति तथा सुर्तिजन्य लगायतमा मानव-स्वास्थ्यलाई प्रतिकुल असर गर्ने पदार्थको प्रचारप्रसार हुने गरी र

ण. प्रचलित कानून प्रतिकुल हुने गरी बाह्य विज्ञापन ग्राह्य हुनेछैन।

## ७. विज्ञापन निशेधित क्षेत्र घोषणा गर्न सकिनेः

१. नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रको कुनै धार्मिक, सांस्कृतिक, सम्पदा, पुरातात्विक, ऐतिहासिक, शैक्षिक वा स्थास्थ्य संस्था आसपास वा जोखिमपूर्ण क्षेत्र, संवेदनशील सेवा प्रवाह स्थल र नगरपालिकाले उपयुक्त ठानेको कुनै पनि स्थानको चारकिल्ला तोकि बाह्य विज्ञापन गर्न निशेधित क्षेत्र घोषणा गर्न सक्नेछ ।

२. नगरपालिकाले उपदफा १ बमोजिम बाह्य विज्ञापन निशेधित क्षेत्र घोषणा भएको सूचना सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ ।

## परिच्छेद ३

## बाह्य परिचय सम्बन्धी व्यवस्था

### ८. परिचय पाटी

१. नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले आफ्नो व्यापार वा व्यवसायको पहिचान गराउने, आवश्यक सूचना तथा जानकारी दिने प्रयोजनले त्यस्तो व्यापार व्यवसाय भएको स्थानमा देखिने गरी पेन्टिङ्ग बोर्ड, नियोन, ग्लोसाईन, फ्लेक्स, डिजिटल डिस्प्ले बोर्ड मध्ये कुनै माध्यमबाट परिचयपाटी राख्न सक्नेछ ।

२. उपदफा १ बमोजिमको परिचयपाटी हरेक व्यापार वा व्यवसायको लागि एक स्थानमा मात्र राख्न पाईनेछ । यस्तो परिचयपाटी राखिने स्थान प्राविधिक रुपमा अनुपयुक्त र असुरक्षित नदेखिएमा समितिले परिचयपाटी राख्नु उपयुक्त स्थान र आकारप्रकार तोकिदिन सक्नेछ । समितले स्थान र आकार प्रकार तोकिदिएमा सोही बमोजिम परिचयपाटी स्थानान्तरण गर्नु सम्बन्धित व्यवसायीको कर्तव्य हुनेछ ।

३. उपदफा २ बमोजिमको सूचना पाटी तीस (३०) वर्ग फुट क्षेत्रफलमा नबढ्ने गरी स्थान विशेषमा अमिल्दो नहुने गरी राख्नुपर्नेछ । ३० वर्गफुट सम्मको परिचय पाटीमा विज्ञापन कर लिइनेछैन ।

४. परिचयपाटीको विज्ञापन कर हरेक आर्थिक वर्षको लागि आर्थिक ऐनले निर्धारण गरेबमोजिम हुनेछ ।

५. कुनै व्यापार व्यवसायको स्थान जनाउने उद्देश्यले व्यापार व्यवसाय गर्ने स्थान भन्दा अन्य स्थानमा बढीमा ३ स्थानमा तीन/तीन वर्गफुट सम्मको जानकारी दिने व्यहोरा वा संकेत जनिने गरी परिचय वा संकेत पाटी राखेमा त्यस्तो पाटीलाई बाह्य विज्ञापन मानिनेछ र सो बमोजिमको कर असुल गरिनेछ ।

९. **बाह्य विज्ञापन मानिने-** १. दफा ८ बमोजिमको सूचना पाटीमा कुनै व्यापार वा व्यवसायको परिचय गराउने उद्देश्यले अन्य कुनै वस्तु तथा सेवाको विज्ञापन गरेमा वा त्यस्ता वस्तु वा सेवा उत्पादन, वितरण गर्ने कम्पनिले प्रायोजन गरेको अवस्थामा त्यस्तो परिचयपाटीलाई बाह्य विज्ञापन मानि विज्ञापन कर असुल गरिनेछ ।

## परिच्छेद ४

## नियमन समिति

### १०.नियमन समिति गठन-

१. नगरपालिकामा विज्ञापन गर्न अनुमति दिने, नियमन गर्ने, खारेज गर्न सिफारिस गर्ने र राय सुझाव सहितको प्रतिवेदन पेश गर्ने समेतका कार्य गर्न बाह्य विज्ञापन नियमन समिति गठन हुनेछ ।

२. उपदफा १ बमोजिमको समितिमा देहायका पदाधिकारीहरु रहनेछन्

क. प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख. विषयगत महाशाखा/शाखा/इकाई प्रमुखहरु मध्येबाट ३ जना - सदस्य

ग. राजश्व शाखा अधिकृत - सदस्य सचिव

### ११. नियमन समितिको काम, कर्तव्य र अधिकार-

१. नियमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. नगरपालिका क्षेत्र भित्र बाह्य विज्ञापन गर्न निवेदन पेश भएको जग्गा, भवन वा अन्य संरचनाको स्थलगत निरीक्षण तथा प्राविधिक परिक्षण गरी अनुसूचि ३ बमोजिमको प्रतिवेदन पेश गर्ने/गराउने ।

ख. बाह्य विज्ञापन गर्न उपयुक्त स्थान, बोर्डको आकार-प्रकार, लम्बाई, चौडाई, उचाई, क्षेत्रफल, रङ्ग, प्रकाशको संयोजन (निट्स) र विज्ञापनको प्रकृति समेत स्पष्ट बेहोरा उल्लेख गरी लिखित प्रतिवेदन सिफारिस गर्ने ।

ग. नगरपालिकाको आफ्नो स्वामित्व र हकभोग भएको जग्गा, भवन वा आफु मातहत संरक्षणमा रहेको सार्वजनिक जग्गा वा संरचनामा बाह्य विज्ञापन गर्न सिफारिस गर्न र निर्णय अनुसार खुला प्रतिश्पर्धाको माध्यमबाट बाह्य विज्ञापन गर्ने व्यवस्था मिलाउने ।

घ. अनुमति बमोजिम विज्ञापन बोर्ड राखे नराखेको, शर्त बमोजिम विज्ञापन गरे नगरेको अनुगमन, सुपरिवेक्षण तथा अध्ययन विश्लेषण गरी प्रतिवेदन पेश गर्ने ।

ङ. अनुमति विपरित विज्ञापन बोर्ड राखेको प्रमाणित भएमा त्यस्ता विज्ञापन बोर्ड खारेज गर्न सिफारिस गर्ने ।

च. प्रचलित कानून र नगरपालिकाको नीति तथा निर्णय बमोजिम बाह्य विज्ञापन सम्बन्धी अन्य कार्य गर्ने/गराउने ।

## परिच्छेद ४
## विज्ञापन कर सम्बन्धी व्यवस्था

**१२.विज्ञापन कर लिईने-**

१. नगरपालिका क्षेत्र भित्र बाह्य विज्ञापन गर्न अनुमति प्राप्त गरेका विज्ञापनदाताहरु बाट नगरपालिकाले विज्ञापन कर लिनेछ ।

२. उपदफा १ बमोजिम विज्ञापनदाताहरुले नगरसभाबाट स्वीकृत भएको आर्थिक ऐनले तोकेबमोजिमको प्रत्येक आर्थिक वर्षको लागि विज्ञापन कर बुझाउनु पर्नेछ । नगरसभाले बाह्य विज्ञापन बोर्डको कुल क्षेत्रफलको आधारमा बाह्य विज्ञापन करको दर तोक्न सक्नेछ । सामान्यतः कम क्षेत्रफल भएका बोर्डको लागि कम र बढी क्षेत्रफल भएको विज्ञापन बोर्डको लागि बडी विज्ञापनकरको दर तोक्ने नीति लिईनेछ ।

३. विज्ञापनदाताले प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र उक्त आर्थिक वर्षको विज्ञापन कर अग्रीम दाखिला गर्नु पर्नेछ । तर, पहिलो आर्थिक वर्षको हकमा सम्झौता गर्नु पूर्व एक वर्षको विज्ञापन कर बराबरको बैक ग्यारेन्टी वा धरौटी रकम जम्मा गर्नुपर्नेछ ।

४. उपदफा ३ बमोजिमको म्याद भित्र विज्ञापन कर समेत दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा सोही आर्थिक वर्षको असोज मसान्त भित्र दश प्रतिशत जरिवाना सहित विज्ञापन कर असुल गर्नु पर्नेछ ।

५. उपदफा ४ बमोजिम असोज मसान्त भित्र विज्ञापन कर समेत चुक्ता नगर्ने विज्ञापनदाताले कार्तिक १ गतेबाट विज्ञापन बन्द गर्नुपर्नेछ । विज्ञापनदाताले बाह्य विज्ञापन बन्द नगरेमा नगरपालिकाले विज्ञापन बन्द गर्नेछ ।

६. उपदफा ५ बमोजिम विज्ञापन गर्न बन्द गरेपश्चात नगरपालिकाले विज्ञापनदातासंग असुल गर्नुपर्ने कर समेतको रकम धरौटी वापत जम्मा गरेको रकम वा बैङ्क ग्यारेन्टीबाट असुलउपर गरी सो स्थानमा प्रतिश्पर्धाको माध्यमबाट विज्ञापन गर्ने प्रकृया अघि बढाउनेछ ।

## परिच्छेद ६
## विविधः

**१३.स्थानान्तरण सम्बन्धी व्यवस्था- १.** यो निर्देशिका जारी हुँदाका बखत कुनै स्थान विशेषमा डिजिटल विज्ञापन बोर्ड जडान भई सञ्चालनमा आएको रहेछ र उक्त स्थल यस निर्देशिकाका कारण बाह्य विज्ञापन गर्ने स्थलका रुपमा प्राविधिक कारणले सूचिकृत हुन नसकेमा त्यस्ता विज्ञापन सामाग्री सूचिकृत स्थलमा स्थानान्तरण गरी विज्ञापन गर्न सकिनेछ ।

२. उपदफा १ बमोजिम स्थानान्तरण हुने विज्ञापनलाई आपसी समझदारीमा छुट प्रदान गर्न सकिनेछ ।

१४. <u>बाह्य विज्ञापन मानिने -</u>

१.कुनै व्यापार, व्यवसाय, कम्पनी, संघसंस्था वा व्यक्तिले आफ्नो परिचय, पहिचान वा कामकारवाही बुझाउने, जनाउने, सङ्केत गर्ने वा अनुभूत गराउने उद्देश्यले कुनै रङ्, फोटो, चित्र, कला वा पेन्टिङ् गर्नु परेमा सो कार्य समेत बाह्य विज्ञापन मानि यस निर्देशिकाको प्रकृया र मापदण्ड बमोजिम मात्र गर्नु गराउनु पर्नेछ ।

२.उपदफा १ बमोजिमको बाह्य विज्ञापन नगरपालिका क्षेत्र भित्र रहेका कुनै भवनको भित्ता, पसलकवलको सटर, घरको सिसा, कम्पाउण्ड बाल वा यस निर्देशिका बमोजिम स्वीकृत अन्य स्थानमा गर्न गराउन सकिनेछ ।

**१५. <u>बाह्य विज्ञापनको लागि अनुमति दिन नसकिने</u> — १.** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका क्षेत्र भित्र विज्ञापन गर्ने प्रयोजनको लागि निश्चित स्थान तोकिएकोमा बाहेक अन्य कुनै पनि स्थानमा द्वार तथा स्टल निर्माण गर्ने, स्टिकर टाँस्ने, बालपेन्टिङ्ग, पम्प्लेटिङ्ग गर्ने, पर्चा वितरण गर्ने, व्यानर टाँस्ने जस्ता माध्यमबाट विज्ञापन गर्न अनुमति दिईने छैन ।

**१६. <u>बाह्य विज्ञापन खारेज हुने -</u>** नगरपालिका संग सम्झौता भई कुनै स्थान विशेषमा विज्ञापन गर्न अनुमति प्राप्त गरेको विज्ञापनदाताले सम्झौतामा उल्लेखित शर्त विपरित कार्य गरेमा वा तोकिए बमोजिम विज्ञापन कर र बुझाउनु पर्ने अन्य रकम समेत नबुझाएमा नगरपालिकाले त्यस्तो विज्ञापन खारेज गर्नेछ ।

१७. **<u>प्रोत्साहन गर्ने -</u>** नगरपालिकाले सहरी शौन्दर्यलाई टेवा पुर्याउने कुनै खास प्रकृतिका विज्ञापन सामाग्रीको व्यवसायलाई प्रवर्द्धन गर्न आर्थिक ऐन तथा वार्षिक नीति तथा कार्यक्रम मार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१८. **<u>फोहरमैला व्यवस्थापन तथा वातावरणमैत्री विज्ञापन</u>** - १. विज्ञापन सामाग्रीबाट उत्सर्जन हुने फोहरमैलाको व्यवस्थापन गर्ने दायित्व विज्ञापनदाताको हुनेछ ।

२. नगरपालिकाले वातावरणमैत्री बाह्य विज्ञापनलाई प्राथमिकता दिनेछ ।

१९. <u>छापा वा विद्युतीय सञ्चार माध्यमको अनुगमन तथा नियमन गर्न सक्ने</u> -

१. होर्डिङ्ग बोर्ड वा प्रचलित कानून बमोजिम नगरपालिकाबाट अनुमति प्राप्त गरी स्थानीयस्तरमा सञ्चालनमा रहेका छाँपा तथा विदुतीय सञ्चार माध्यमबाट हुने वा भएका विज्ञापनमा कानून बमोजिमको मापदण्ड पुरा गरेनगरेको विषयमा नगरपालिकाले अनुगमन तथा नियमन गर्नेछ ।

२. उपदफा १ बमोजिम नगरपालिकाले अनुगमन गर्दा प्रचलित कानून तथा यस निर्देशिकाको पालना नगरेको पाईएमा वा अनाधिकृत रुपमा होर्डिङ्ग बोर्ड राखेको पाईएमा कारण

खोली त्यस्तो विज्ञापन संशोधन गर्न वा बन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ । त्यसरी दिएको आदेशको पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

३. उपदफा १ बमोजिम अनुगमनको क्रममा कसैले विज्ञापन गर्दा प्रचलित कानून बमोजिम कसुर हुने काम गरेको र उक्त कसुरमा कारवाही गर्ने क्षेत्राधिकार नगरपालिकालाई नभएको पाईएमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा लेखि पठाउनेछ ।

२०. **न्यायिक समितिको क्षेत्राधिकार हुने-** १. नगरपालिकाले अनुगमन गर्दा प्रचलित कानून तथा यस निर्देशिकाको पालना नगरी विज्ञापन गरेको देखिएमा त्यसरी विज्ञापन गर्ने व्यक्ति वा अनाधिकृत रुपमा होर्डिङ्ग बोर्ड राख्ने वा त्यसमा विज्ञापन गर्ने व्यक्तिलाई न्यायिक समितिको आदेशले १ लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

२१. **आचार संहिताको पालना गर्नु पर्ने —** १. नगरपालिकाबाट बाह्य विज्ञापनदाताको लागि जारी हुने आचारसंहिताको परिपालना गर्नु गराउनु नगरपालिका क्षेत्र भित्र विज्ञापन गर्ने हरेक विज्ञापनदाताको कर्तव्य हुनेछ ।

२२. **बाधा अडकाउ फुकाउने अधिकार-** १. यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा प्रमुखलाई हुनेछ ।

**आज्ञाले:**
जनक थापा
प्रमुख प्रशासकीय अधिकृत